प्रदेश सरकार

# भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

## कृषि बिकाश निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## पर्वत

गण्डकी प्रदेश, नेपाल

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कृषि बिकास निर्देशनालय कृषि ज्ञान केन्द्र पर्वत गण्डकी प्रदेश, नेपाल

प.सं ०७६/०७७
च.नं. ३५

मिति :२०७६/०४/१५

**साना तथा आधुनिक सिंचाई कार्यक्रम सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना**

यस कार्यालय बाट आ.व.२०७६/७७ मा सञ्चालन गरिने **साना तथा आधुनिक सिंचाई कार्यक्रम** सहयोगका लागि परियोजनाको लागतको बढीमा ८५ प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुंदा कार्यक्रम सञ्चालन गर्न ईच्छुक पर्वत र बाग्लुंग जिल्लाका कृषि उद्यमी, फार्म, कम्पनी, समुह तथा सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा विवरण भरि देहाय अनुसारको कागजातहरु र निवेदन कृषि ज्ञान केन्द्र पर्वत वा सम्पर्क केन्द्र बाग्लुंगमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिल</u>

१. साना सिंचाई विशेष कार्यक्रम अन्तर्गत साना साना वाध, कुलो सुधार, पोलिथिन पाईप, पोखरी निर्माण, टंकि निर्माण, पम्प सेट, थोपा सिंचाई, स्प्रीङकल सिंचाई, पानि तान्ने ईन्जिन अदि का लागी आयोजनाको लागतको कम्तिमा १५ प्रतिशत नगद तथा जन श्रमदान व्यहोर्ने गरी निर्माण कार्य सम्पन्न भएपछि रकम उपलब्ध गराईनेछ ।

२. आयोजना माग गर्दा समुह वा समितिको निर्णय साविक जि.कृ.वि. कार्यालय, वा स्थानीय तहमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी वा जिल्ला सिचाई कार्यालयमा दर्ता भएको जलउपभोक्ता समितिको प्रमाण पत्रको प्रतिलिपी, **वार्ड कार्यालयको सिफारीस** र अन्य माग गरीएको समुहको विवरण सहित यस कार्यालयमा तोकिएको मितिभित्र रु. १० को टिकट टाँस गरी निवेदन बुझाईसक्नुपर्नेछ ।

३. निवेदन दस्तुर वापत रु१००। पछि फिर्ता नहुने गरी यस कार्यालयमा बुझाई निवेदन दर्ता गर्नसकिने छ ।

४. साना सिंचाई निर्देशिका बमोजिम आवेदक समुह नियमित बैठक बसिरहेको र कृषि विकासको लागी सकृय रुपले साविक जि.कृ.वि.का. वा कृषि ज्ञान केन्द्र वा सम्बन्धित स्थानीय तह संग सम्पर्कमा रही क्रियाशिल रहेको कृषक समुहको लागी मात्र आयोजना छनोटमा समावेश गरिने छ ।

५. आयोजना माग गर्दा आयोजना संचालन हुने ठाउ र कार्य सम्पन्न भएपछि कृषक समुहले उपभोग गर्न पाउने गरी संम्बन्धित व्यक्तिले समुहका नाममा गरिएका सम्झौता पत्र निवेदन संग सग्लग्न हुनुपर्नेछ ।

६. लक्षित वर्ग वा समुदाय प्राविधिक पक्षले उपयुक्त र समुहले व्यहोर्ने प्रतिशतको आधारमा विशेष प्राथामिकता दिईनेछ।

७. आयोजनावाट सिंचाई हुने जग्गाको जग्गा धनि प्रमाण पुर्जाको छाँया प्रति निवेदन साथ पेश गर्नुपर्नेछ ।

८. सुचना प्रकाशित मितिले ३० दिन २०७६।०५।१२ गते सम्म यस कार्यालयमा निवेदन दर्ता गराई सक्नुपर्नेछ ।अन्तिम म्यादका दिन सार्बजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र निवेदन पेश गरि सक्नुपर्नेछ ।

९. अन्य कुरा प्रचलित कानुन वमोजिम हुने व्यहोरा अनुरोध गरिन्छ ।

बासुदेव रेग्मी
प्रमुख

प्रमुख
अधिकृतस्तर दशौं

**फोन नं ०६७-४२०१३०,४२०५२३,९८५७६३००२३,**

**Gmail :krishigyankendraparbat@gmail.com,**

**Website :parbat.akc.gov.np**

**facebook: कृषि ज्ञान केन्द्र पर्वत**